# प्रेस विज्ञप्ति

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) स्थायी कमिटीको चौथो बैठक अध्यक्ष कमरेड माधवकुमार नेपालको अध्यक्षतामा फागुन ६ गते पार्टी केन्द्रीय कार्यालय आलोकनगर काठमाडौँमा बस्यो ।

बैठकले अध्यक्षको राजनीतिक प्रतिवेदन, पार्टी नियमावली, विनियम, निर्देशिका, आचारसंहिता, पार्टीको दशौँ राष्ट्रिय महाधिवेशनको समिक्षा, आन्दोलनद्वारा पार्टी निर्माण सम्बन्धी आगामी कार्ययोजना, संसदमा प्रस्तुत अध्यादेश र समसामयिक प्रस्तावहरूलगायतका एजेण्डाहरू पारित गरेको छ ।

**बैठकले निम्न निर्णयहरू गरेको छ :–**

१. संसद अधिवेशनको संघारमा संसदलाई छलेर सरकारले विभिन्न अध्यादेशहरू जारी गरेको छ । संसदीय समितिमा छलफल भइरहेको विधेयकसमेत फिर्ता नलिई सरकारले संविधान, ऐन कानून, संसद नियमावली र स्थापित अभ्यासहरूसमेत मिचेर विद्येयक ल्याउनु प्रक्रियागत रूपमा नै गलत छ । अध्यादेशका अन्तरवस्तु पनि गलत र हानिकारक छन् । अध्यादेशहरूबाट भूमाफिया, कालोबजारीया, राजस्व छली गर्ने व्यक्ति, विचौलिया, भ्रष्टचारी, तस्कर र दलालहरूलाई फाइदा पुग्ने निश्कर्षसहित अध्यादेशको प्रक्रिया र अन्तरबस्तु दुबैमा हाम्रो पार्टीको असहमति र विरोध छ । त्यसैले हाम्रो पार्टीले संसदमा अध्यादेशहरूको विपक्षमा मतदान गर्ने निर्णय गरेको छ।

२. बैठकले, पोखरा भ्रमण वर्ष २०८१ को उद्घाटन कार्यक्रममा बेलुन विष्फोट भई घाइते हुनुभएका नेपाल सरकारका उपप्रधानमन्त्री एवं अर्थमन्त्री मा.विष्णुप्रसाद पौडेल र पोखरा महानगरपालिका प्रमुख तथा हाम्रो पार्टीका पोलिटब्यूरो सदस्य कमरेड धनराज आचार्य, पोलिटब्यूरो सदस्य कमरेड विदुर सापकोटा, केन्द्रीय सदस्य कमरेड कमला साउद र केन्द्रीय सल्लाहकार परिषद सदस्य कमरेड शम्भु श्रेष्ठको शीघ्र स्वास्थ्य लाभको कामना गर्ने प्रस्ताव पारित गरेको छ।

३. भारतको ओडिसा राज्यको कलिङ्गा इन्सिच्युट अफ इन्डस्ट्रियल टेक्नोलोजी (केआईआईटी) मा अध्ययनरत नेपाली छात्रा प्रकृति लम्सालको रहस्यमय मृत्यु प्रकरणप्रति हाम्रो पार्टीको गम्भीर ध्यानाकर्षण भएको छ । मृतकप्रति श्रद्धाञ्जली व्यक्त गर्दै घटनाको सत्यतथ्य छानबिन गरि दोषिलाई कारबाही गर्न र नेपाली विद्यार्थीहरूलाई सुरक्षाको प्रत्याभूति गर्न एवं छात्राबासमा बस्ने व्यवस्था मिलाउनका लागि कूटनीतिकलगायत आवश्यक पहल गर्न यो बैठकले नेपाल सरकारसँग जोडदार माग गर्ने निर्णय गरेको छ।

४. यो बैठक, हाम्रो पार्टी नेकपा (एकीकृत समाजवादी) केन्द्रीय निर्वाचन आयोगका सदस्य कमरेड सुरेन्द्र यादवका पिता पुराना वामवन्थी नेता असर्फि यादवको दुःखद निधन भएकोमा वहाँप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोक सन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दछ ।

प्रकाश ज्वाला
प्रमुख